मुआब्जा तथा क्षतिपूर्ति वितरण खाका (Entitlement Matrix)

क्षतिको प्रकार	अधिकारको इकाई	मुआब्जा तथा क्षतिपूर्ति विवरण	कार्यान्वयन तरीका
१.घर र अन्य संरचना			
१.१ आवास हटाउनुपर्ने कारणबाट हुने क्षति	कानूनी स्वामीत्व भएको	* प्रतिस्थापन मूल्यमा घरको प्रकार अनुसार नगद क्षतिपूर्ति । * संरचनाले ओगटेको जमीनको क्षतिपूर्ति ।	* संरचनाको मूल्यांङ्कन संवन्धित जिल्लाको शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयको परार्मशमा गर्ने । * प्रभावित घरका क्षतिपूर्तिको लागि क्षतिपूर्तिको दर निर्धारण गर्न प्रत्येक जिल्लामा क्षतिपूर्ति निर्धारण समितिको गठन हुनेछ । यसैमार्फत क्षतिपूर्तिको दर निर्धारण गरिने छ । * घरको क्षतिपूर्ति प्रतिस्थापन मूल्यमा निर्धारण हुनेछ , क्षतिपूर्ति उपलब्ध गराउँदा घरको ह्रास कट्टा गरीने छैन । * घर भत्काएपछि निस्कने पुरानो निर्माण सामाग्री सम्वन्धित व्यक्तिको नै हुनेछ । क्षतिपूर्तिको रकमवाट यस्तो सामानको मूल्य घटाइने छैन । * घरको क्षतिपूर्ति रकम मध्ये ५०% अग्रीम भक्तानी दिइनेछ र वाँकी ५०% रकम घर भत्काइसकेपछि दिइने छ । * ६ महिनाको घरभाडा सम्वन्धित व्यक्तिले प्राप्त गर्नेछन् । * ढुवानीखर्च र विस्थापन भत्तावापत एकमुष्ठ रकम एकपटक मात्र प्राप्त गर्नेछन् । * यसको अतिरिक्त यस्ता घरधुरीले थप सीपमूलक तालीम तथा सुविधा समेत प्राप्त गर्नेछन् । * घर भत्काउनु ३५ दिन अगावै ठाऊँ खालीको लागि सूचना जारी गरीने छ । * उचित क्षतिपूर्ति दिने उद्देश्यले घरको क्षतिपूर्ति दर निर्धारण र क्षतिपूर्ति वितरण सम्वन्धि सम्पूर्णकार्य १ वर्षभित्र सम्पन्न गरिने छ ।
१.२ अन्य निजी संरचनाहरु हटाउनुपर्ने कारणबाट हुने क्षति	कानूनी स्वामीत्व भएको	* अन्य संरचनाहरु जस्तै गोठ, धारा, इनार आदि * संरचनापिच्छे आंशिक वा पूरा क्षतिअनुसार प्रतिस्थापन मूल्य वरावरको क्षतिपूर्ति * संरचनाले ओगटेको जमीनको क्षतिपूर्ति	* घरवाहेकका अन्य संरचना हटाउनुपर्दा त्यस्ता संरचनाको क्षतिपूर्तिबाहेक अन्य सुविधा नभएको । * क्षतिपूर्ति निर्धारण कमिटिले क्षतिपूर्तिको दर निर्धारण गर्नेछ । * घर वाहेकका अन्य संरचना अधिग्रहण गर्दा ३५ दिन अगावै ठाऊँ खालीको लागि सूचना जारी गरिने छ ।
१.३ निजी आवास तथा अन्य संरचनाहरु हटाउनुपर्ने कारणबाट हुने क्षति	कानूनी स्वामीत्व नभएको	* घर र अन्य संरचनाको प्रतिस्थापन मूल्यमा क्षतिपूर्ति उपलब्ध हुने तर जग्गाको कानूनी स्वामित्व नभएको खण्डमा जग्गाको क्षतिपूर्ति भने नपाउने ।	* क्षतिपूर्ति निर्धारण समितिवाट संरचनाको मूल्याँङ्कन हुने * अधिग्रहणपूर्व अग्रिम सूचना जारी गरिने छ । * नगद क्षतिपूर्तिको अतिरिक्त आयोजनाको निर्माण चरणमा यस्ता परिवारहरुले प्रसारण लाइन निर्माणकार्यमा भएको अनुभव र सीपको आधारमा रोजगारीमा प्राथमिकता र सीपमूलक तालीमको अवसर प्राप्त गर्न सक्नेछन् ।

२ जग्गा			
२.१ टावरको लागि अधिग्रहण गरिने कारणबाट निजी जग्गामा हुने क्षति	कानूनी स्वामीत्व भएको	* प्रतिस्थापन मूल्यमा मुआब्जा प्रदान गरिने । * मुआब्जा दर निर्धारण हुंदा जग्गाको सरकारी मूल्य र वजार मूल्य समेतलाइ आधार मानी दर निर्धारण हुनेछ । * बाली भएको जग्गाको हकमा बाली क्षति वापत एक पटकको लागि एक वालीको उत्पादन वरावरको क्षतिपूर्ति दिइने ।	* प्रत्येक जिल्लामा मुआब्जा निर्धारण समिति वन्नेछ । संबन्धीत जग्गावालालाई यसै समितिद्वारा निर्धारित दरअनुसारको मुआब्जा उपलब्ध गराइने छ । * जग्गावालाको चाहनामा मुआब्जा रकम नगद वा चेक जुनसुकै रुपमा पनि हुन सक्नेछ । * उचित मुआब्जा दिने उद्देश्यले प्राप्तगर्ने जग्गाको मुआब्जा दर निर्धारण र सम्पूर्ण मुआब्जा वितरण संवन्धी कार्य १ वर्ष भित्र सम्पन्न गर्नुपर्ने छ ।
२.२ टावरको लागि अधिग्रहण गरिने कारणबाट निजी जग्गामा हुने क्षति	कानूनी स्वामीत्व नभएका	* जग्गा गुमेकाहरुको लागि क्षतिपूर्तिस्वरुप विस्थापनपूर्वको जीवनस्तर कायम राख्ने किसिमका सहयोग कार्यक्रमहरु संचालन गरिने ।	* जीवन निर्वाह सुधार कार्यक्रम अन्तर्गत सीपमूलक तालीमको अवसर प्राप्त गर्न सक्नेछन् ।
२.३ निजी जग्गाको अस्थायी क्षति	कानूनी स्वामीत्व भएको	* अस्थायी कार्य गर्दा हुने वालीको क्षति, जग्गाको उत्पादकत्वमा कमी आदिको क्षतिपूर्ति हुने । * अस्थायी कार्य गर्दा आउने अन्य वाधा व्यवधान र सम्पत्ती क्षतिको क्षतिपूर्ति । * अस्थायी रुपमा प्राप्त गनुपर्ने जग्गाको लागि आयोजना ठेकेदारले संवन्धीत जग्गाधनीसंग भाडा निर्धारणका लागि वार्ता गरी संझौता गनुपर्ने छ । * अस्थायी रुपमा लिएको जग्गाको समयावधि सकिएपछि जग्गाधनीलाई पूर्ववत रुपमा वा जग्गाको स्तर सुधार गरेर वा दुईपक्ष वीच भएको समझदारीको आधारमा जग्गा फिर्ता गनुपर्नेछ ।	* संम्वन्धित जग्गा धनीसंग निम्नलिखित शर्त खुलाई जग्गा भाडा संझौता गर्नुपर्ने छ : – भाडामा लिने जग्गाको संझौता अवधि – वार्षिक मूद्रास्फिति समायोजन – भुक्तानी तरीका – जग्गाको संरक्षण तथा जग्गाको पूर्वअवस्था तथा शर्तहरु । * भाडामा लिइएको जग्गाको संझौता वमोजिमको समय सीमा समाप्त भएपछि उक्त जग्गा जग्गाधनीलाई पूर्ववत रुपमा फिर्ता गनुपर्नेछ ।
२.४ लाईनमुनिपर्ने जग्गाको क्षति	कानूनी स्वामीत्व भएको	* प्रभावित क्षेत्रफलका लागि तोकिएको एकमुष्ठ रकम बराबरको क्षतिपूर्ति दिइने ।	* नेपाल सरकारद्वारा गठित प्रभावित व्यक्तिहरु समेत रहने क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरेबमोजिम हुनेछ ।
३.अन्य निजी सम्पत्तीहरु			
३.१ मौसमी बालीको क्षति	कानूनी स्वामीत्व भएको	* बाली भित्राउन अग्रिम सूचना दिइने । * बाली भित्राउन नपाउँदै बाली क्षति भएको अवस्थामा क्षति अनुरुप क्षतिपूर्ति उपलब्ध हुने ।	* आयोजनाले जिल्ला कृषि विकास कार्यालयको सल्लाहको आधारमा बालीको क्षतिपूर्ति दर निर्धारण गर्ने छ ।
३.२ निजी रुख र वहुवर्षे बाली को क्षति	कानूनी स्वामीत्व भएको	* बाली भित्राउन अग्रिम सूचना दिइने । * बाली भित्राउन नपाउँदै बाली क्षति भएको अवस्थामा क्षति अनुरुप क्षतिपूर्ति उपलब्ध हुने ।	* स्थानीय सरोकारवालाहरु जस्तै : जिल्ला वन कार्यालय र जिल्ला कृषि विकास कार्यालयको राय सुझावको आधारमा आयोजनाले वालीको प्रचलित मूल्य र क्षति यकीन गरी क्षतिपूर्ति गर्नेछ । * फलफूलजन्य रुखको मूल्य निर्धारण जिल्ला कृषि विकास कार्यालय र काष्ठ जन्य रुखहरुको मूल्य निर्धारण जिल्ला वन कार्यालयको समन्वयमा हुनेछ ।
४.सामाजिक संरचना र सम्पत्ती			
४.१ सामाजिक भवन र संरचना	स्थानीय समुदाय	* सामाजिक भवन र संरचनाहरुमा गुम्वा, प्रतीक्षालय, स्कूल, मन्दिर,चर्च, धारा, इनार, आदि पर्दछन् ।	* प्रभावित समुदायसँगको समन्वयमा सामाजिक संरचनाको स्थानान्तरण वा पुन:निर्माण संबन्धी काम गर्ने ।

४.२ रुखहरु	सामुदायिक वन उपभोक्ता समूह वा स्थानीय समुदाय	* नेपाल सरकारको निर्णय तथा वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने निर्देशिका, २००६ वमोजिम वृक्षारोपण गर्ने ।	* आयोजनाले एक रुख काटेवापत दुई रुख अनिवार्य वृक्षारोपण गर्नेछ । साथै, पाँच वर्षसम्म रोपिएका विरुवाहरुको संरक्षण गर्नेछ । पाँच वर्षपछि उक्त स्थान जिल्ला वन कार्यालय मार्फत स्थानीय सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गर्नेछ ।
५. पुनःस्थापनामा सहयोग			
५.१ घरधुरीको विस्थापन	कानूनी स्वामीत्व भएको	* विस्थापन भत्ता * ढुवानी खर्च	* प्रतिमहिना २,५००।- का दरले ६ महिनाको घरभाडा वापत अधिकतम रु १५,०००।- प्राप्त गर्ने । * विस्थापन खर्च नेपालीको वार्षिक प्रतिव्यक्ति आयका दरले एकमुष्ठ रकम एकपटक प्राप्त गर्नेछन् । * ढुवानी खर्च वापत रु १५,०००।- एकमुष्ठ एकपटक मात्र प्राप्त गर्ने ।
५.२ कृषियोग्य जमीनको क्षति	कानूनी स्वामीत्व भएको	* जग्गाको क्षतिको आधारमा क्षतिपूर्ति हुने ।	* प्रभावित व्यक्तिहरुलाई निम्न वमोजिम राहत दिने : (१) जसले आफ्नो कूल जग्गाको १०% भन्दा वढी जग्गा गुमाएका छन् त्यस्ता घरधुरीहरुको लागि जग्गाको क्षतिपूर्तिको अतिरिक्त : - आयोजनाको निर्माणचरणमा यस्ता परिवारहरुको लागि प्रसारण लाइन निर्माणकार्यमा भएको अनुभव र सीपको आधारमा रोजगारीमा प्राथमिकता दिईने - जीवननिर्वाह सहयोग स्वरुप प्रभावित परिवारहरुलाई एकपटक अधिकतम रु. १५,०००।- दिईने - कृषि उत्पादकत्व वृद्धि गर्नमा यस्ता परिवारहरुका लागि कृषि तालिम तथा सहयोग कार्यक्रमहरु संचालन गरिने । - पशुपालनको क्षेत्रमा प्रभावित घरधुरीहरुलाई प्रोत्साहन गर्न पशुपालन तालीम तथा सहयोग कार्यक्रम संचालन गरिने । २. संरचना (घर) समेत परेका हरुकोलागि - आधारभूत प्राविधिक सीप तालीम संचालन गर्ने: प्रत्येक प्रभावित घरधुरीबाट एकजना व्यक्तिको लागि निजको अभिरुचीअनुसार प्राविधिक तालीम जस्तैः ड्राइभिङ्ग, प्लम्बिङ्ग, हाउसवायरिङ्ग, मोटरमर्मत, मोवाइल, रेडियो, टी. भी. मर्मत आदिको तालीम नेपाल सरकारको स्वामीत्व रहेको वा नेपाल सरकारले स्वीकृत गरेको संस्थावाट संचालन गराउने । - आयोजनाको निर्माणचरणमा यस्ता परिवारहरुको लागि प्रसारण लाइन निर्माणकार्यमा भएको अनुभव र सीपको आधारमा रोजगारीमा प्राथमिकता दिने ।

५.३ जोखीममा परेका सामाजिक समूहहरु	प्रभावित घरधुरी	* आयोजनावाट प्रभावित र जोखिममा परेका सामाजिक समूहरुमा : – दलीत – महिला घरमूली – अतिसीमान्तकृत समूह पर्ने छन् ।	* त्यस्ता व्यक्तिहरुको जीवननिर्वाह स्तरमा सुधारको साथै पुनर्स्थापनामा सहयोग गर्ने । * संभव भएसम्म यस्ता व्यक्तिहरुको लागि आयोजनाको निर्माण चरणमा रोजगारीमा प्राथमिकता दिने ।
६. सरकारी सम्पत्ती			
६.१ संरचनाको क्षति	संवन्धित निकाय	* संरचनाको मर्मत अथवा स्थानान्तरण	* संवन्धीत सरकारी निकायसंग समन्यवय गरी आवश्यक कार्य गर्ने
६.२ वन जंगलको क्षति	वन विभाग/जिल्ला वन कार्यालय /सामुदायिक वन उपभोक्ता समूह	* वृक्षारोपण गर्ने	* स्थानीय हावापानी सुहाउँदो विरुवाहरुको वृक्षारोपण गर्ने * वन विभाग र जिल्ला वन कर्यालयसंग समन्वय गर्ने
६.३ सरकारी जग्गाको क्षति	संवन्धित निकाय	* क्षतिपूर्तिको प्रावधान नभएको	* संवन्धीत सरकारी निकायसंग परामर्श/समन्यवय गर्ने ।
७. सामान्य सुझाव			
७.१ आयोजनाको सम्पूर्ण प्रभाव	आयोजनाको प्रशारण मार्गमा पर्ने समुदाय, सरोकारवाला निकाय र प्रभावित घरधुरीहरु	* आयोजना प्रभावको वारेमा सुझाव, निर्माण तालीका, घरजग्गा प्राप्ति मिति ,घरजग्गा मूल्याँङ्कन, क्षतिपूर्ति तथा जनगुनासो व्यवस्थापन संरचना, रोजगारी तथा स्थानीय विकास आदिको वारेमा सुझाव	* स्थानीय सरोकारवालासंग छलफल र समन्वय गर्ने । * नेपाल सरकारको मन्त्रालय, विभाग, जिल्ला स्थित कार्यालय (जि.वि.स,गा.वि.स) संग समन्यवय गरी आयोजनाको प्रभावकारी कार्यान्वयन, साधनको सदुपयोग र स्थानीय विकासमा सहयोग पुऱ्याउने ।